राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३२३ २०८३ असार ८ गते सोमवार (22 June 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## जेनजी किशोरीहरूको डिम्ब तस्करीविरुद्ध प्रदर्शन




दैनिक समाचारदाता

काठमाडौं, ७ असार । जेनजी पुस्ताका किशोरीहरूको एक समूहले डिम्ब व्यापार र डिम्ब तस्करीको आरोपसहित माइतीघर मण्डलामा प्रदर्शन गर्दै कडा कारबाहीको माग गरेका छन्।

आइतबार माइतीघरमा भेला भएका प्रदर्शनकारीहरूले विभिन्न प्लेकार्ड र नारासहित डिम्ब तस्करीमा संलग्न रहेको भनिएका व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कानुनी दायरामा ल्याउन माग गरेका हुन्।

उनीहरूले पीडित किशोरीहरूलाई न्याय दिनुपर्ने, साथै उक्त अवैध गतिविधिमा संलग्न चिकित्सकहरूको मेडिकल लाइसेन्स खारेज गरी फौजदारी मुद्दा चलाउनुपर्ने माग अघि सारेका छन्।

प्रदर्शनकारीहरूले 'होप फर्टिलिटी'लगायतका केन्द्रहरूमा डिम्ब तस्करी भएको दाबी गर्दै डा. स्वस्ति शर्मा, असिम अधिकारी, मलिनी चौधरी, अलिसा ओली र जस्टिना प्रधानसहितका चिकित्सकहरू माथि कारबाहीको माग गरेका छन्।

आन्दोलनमा सहभागी युवा अभियन्ता किरण विकले डिम्ब

*बाँकी पृष्ठ ४मा*

## रास्वपाका हरेक सदस्य प्रधानमन्त्री सरह जिम्मेवार छन् : प्रम बालेन्द्र

दैनिक समाचारदाता

काठमाडौं, ७ असार । प्रधानमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाहले आफ्नो राष्ट्रियताप्रति कसैले शंका गर्नुपर्ने अवस्था नरहेको स्पष्ट पार्दै असल नेतृत्वका लागि कुनै गुट वा समूहको सहारा आवश्यक नपर्ने बताएका छन्।

रास्वपाको प्रथम महाधिवेशनलाई सम्बोधन गर्दै शाहले सच्चा राजनीतिक नेतृत्वको आधार जनताको विश्वास र समर्थन भएको उल्लेख गरे। उनले पार्टीभित्र कुनै प्रकारको गुट(उपगुट नरहेको दाबी गर्दै संगठनलाई थप एकताबद्ध र सुदृढ बनाउन सबै नेता(कार्यकर्तालाई आग्रह गरे।

"राम्रो नेता बन्न वा सही राजनीतिक आस्था बोकेर अघि बढ्न कुनै विशेष समूहको फेरो समात्न आवश्यक छैन, जनताको मन जित्न सक्नु नै सबैभन्दा ठूलो कुरा हो," उनले भने।

प्रधानमन्त्री शाहले लामो समयदेखि समाधान हुन नसकेको सुकुम्बासी समस्या र पछिल्लो समय जटिल बन्दै गएको सहकारी संकटलाई वर्तमान कार्यकालभित्रै समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे।



### मुख्य अभिव्यक्ति

- राष्ट्रियताप्रति शंका गर्ने कुनै आधार छैन।
- असल नेता बन्न कुनै गुट वा समूहको सहारा आवश्यक पर्दैन।
- जनताको मन जित्नु नै नेतृत्वको सबैभन्दा ठूलो सफलता हो।
- रास्वपाभित्र कुनै गुट-उपगुट छैन, सबै एकजुट हुनुपर्छ।
- सुकुम्बासी समस्या यही कार्यकालभित्र समाधान गर्ने प्रतिबद्धता।
- सहकारी पीडितको समस्या समाधान सरकारको प्राथमिकतामा।
- देशका राम्रा र उदाहरणीय काम रास्वपाकै नेतृत्वमा हुने दाबी।
- पार्टीका हरेक सदस्य जिम्मेवार र नेतृत्व गर्न सक्षम छन्।
- अहिले संगठन सुदृढीकरणमा केन्द्रित हुनुपर्ने आवश्यकता।
- महाधिवेशनपछि देश निर्माण र समृद्धिको अभियानमा लाग्न आह्वान।

जनताले प्रत्यक्ष अनुभूति गर्ने खालका सुधार र परिणाममुखी कामलाई सरकारले प्राथमिकतामा राखेको उनको भनाइ थियो।

देशमा हुने सकारात्मक र उदाहरणीय कार्यहरू रास्वपाको नेतृत्वमा सम्पन्न हुने दाबी गर्दै उनले पार्टीका हरेक सदस्यलाई जिम्मेवार र सक्षम नेतृत्वका रूपमा प्रस्तुत हुन आग्रह गरे। "हाम्रो पार्टीका प्रत्येक सदस्य आफैंमा प्रधानमन्त्रीसरह जिम्मेवार छन्," उनले भने, "देश निर्माणको अभियानमा सबैले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ।"

शाहले अहिलेको आवश्यकता पार्टी संगठनलाई बलियो बनाउँदै मुलुकको समृद्धि, सुशासन र विकासमा केन्द्रित हुनु रहेको बताए। महाधिवेशनका प्रतिनिधिहरूलाई पार्टीको आन्तरिक सुदृढीकरण, नीति निर्माण तथा राष्ट्रिय हितका सवालमा गम्भीर छलफल गर्न आग्रह गर्दै उनले त्यसपछि देश निर्माणको अभियानमा पूर्ण रूपमा समर्पित हुन आह्वान गरे। उनले रास्वपाको प्रथम महाधिवेशनले पार्टीलाई थप संगठित, एकताबद्ध र जनमुखी बनाउने विश्वाससमेत व्यक्त गरे।

गर्मी मौसममा सावधानी अपनाऔँ, सुरक्षित बनौँ

- पर्याप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौँ,
- अत्यधिक घाममा लामो समयसम्म नबसौँ,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौँ,
- जङ्कफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔँ,
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौँ,
- तातो हावाका कारण लुका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौँ,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शीतल राखौँ

नेपाल सरकार
विज्ञापन बोर्ड

## अहंकार र सत्ताको उन्मादबाट जोगिन थापाको सुझाव

दैनिक समाचारदाता

काठमाडौं, ७ असार । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले छोटो समयमै नेपाली राजनीतिमा उल्लेखनीय जनसमर्थन हासिल गरेको भन्दै प्रशंसा गरेका छन्।

रास्वपाको प्रथम महाधिवेशनलाई सम्बोधन गर्दै थापाले पार्टी स्थापनाको चार वर्षभित्रै प्राप्त गरेको जनमत नेपाली राजनीतिमा असाधारण उपलब्धि भएको बताए।


उनले नेपालको राजनीतिक इतिहास स्मरण गराउँदै विगतमा पनि विभिन्न राजनीतिक शक्तिहरूले ठूलो जनसमर्थन प्राप्त गरे पनि नेतृत्वबीचको अहंकार र सत्ताको उन्मादका कारण जनताको विश्वास जोगाउन नसकेको उल्लेख गरे।

"नेपालको राजनीतिमा पटक-पटक नयाँ शक्तिहरूले ठूलो जनमत पाएका छन्, तर धेरैजसो अवस्थामा त्यो जनमत टिकाउन सकिएको छैन," उनले भने, "नेतृत्वबीचको अहंकार र सत्ताको उन्मादले जनताले दिएको भरोसा दुर्घटनामा परेको इतिहास छ।"


*बाँकी पृष्ठ ४ मा*



अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# राजस्व वृद्धि र आत्मनिर्भरताको चुनौती

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ११ महिनामा ३० अर्ब रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको तथ्यांक सार्वजनिक गरेको छ। आर्थिक गतिविधिमा सुस्तता, घरजग्गा कारोबारमा आएको गिरावट, सवारीसाधनको खरिद-बिक्रीमा कमी तथा विभिन्न राजनीतिक आन्दोलनका कारण राजस्व संकलन प्रभावित भएको अवस्थामासमेत प्रदेश सरकारले ३० अर्ब १७ करोड रुपैयाँभन्दा बढी राजस्व प्राप्त गर्न सफल हुनु सकारात्मक उपलब्धि हो।

राजस्व संकलन कुनै पनि सरकारको आर्थिक स्वास्थ्य मापन गर्ने महत्वपूर्ण सूचक हो। यसले सरकारको विकास निर्माण, सेवा प्रवाह तथा जनकल्याणकारी कार्यक्रम सञ्चालन गर्ने क्षमता निर्धारण गर्छ। मधेश प्रदेशको सन्दर्भमा हेर्दा आन्तरिक राजस्वतर्फ ४ अर्ब ५९ करोड रुपैयाँ संकलन हुनु उत्साहजनक भए पनि यसले प्रदेशको आर्थिक आत्मनिर्भरताको अवस्था अझै कमजोर रहेको यथार्थलाई पनि उजागर गर्छ।

प्रदेशको प्रमुख आयस्रोत घरजग्गा रजिस्ट्रेशन शुल्क र सवारीसाधन कर हुनु आफैँमा चिन्ताको विषय हो। घरजग्गा कारोबार र सवारी बिक्रीजस्ता अस्थायी तथा बजारको उतारचढावमा निर्भर क्षेत्रबाट प्राप्त हुने राजस्वलाई दिगो आर्थिक आधार मान्न सकिँदैन। जब बजारमा मन्दी आउँछ, त्यस्ता स्रोतबाट हुने आम्दानी स्वतः घट्छ। यस वर्ष पनि आर्थिक सुस्तताका कारण राजस्व संकलन प्रभावित भएको तथ्यले यही कमजोरीलाई पुष्टि गरेको छ।

अर्कोतर्फ, प्रदेश सरकारले प्राप्त गरेको कुल राजस्वको ठूलो हिस्सा संघीय सरकारबाट प्राप्त हुने कर बाँडफाँट र अनुदानमा आधारित छ। भ्याट, अन्तःशुल्क, वित्तीय समानीकरण तथा सशर्त अनुदानबाट प्राप्त रकमले प्रदेशको अर्थतन्त्र धानिरहेको अवस्था देखिन्छ। यसले प्रदेश सरकार अझै आर्थिक रूपमा संघीय सरकारप्रति अत्यधिक निर्भर रहेको संकेत गर्दछ। संघीयताको सफल कार्यान्वयनका लागि प्रदेशहरू आर्थिक रूपमा क्रमशः आत्मनिर्भर बन्दै जानुपर्ने अपेक्षा गरिन्छ। तर हालको अवस्थाले त्यो लक्ष्य अझै टाढा रहेको देखाउँछ।

मधेश प्रदेश कृषि, उद्योग, व्यापार तथा सीमापार आर्थिक गतिविधिका दृष्टिले सम्भावनायुक्त क्षेत्र हो। तर ती सम्भावनालाई राजस्वमा रूपान्तरण गर्न आवश्यक नीतिगत सुधार, लगानीमैत्री वातावरण, औद्योगिक विस्तार तथा कर प्रशासनको आधुनिकीकरणमा अपेक्षित प्रगति हुन सकेको छैन। प्रदेशले आफ्नो आन्तरिक आय बढाउन कृषि प्रशोधन उद्योग, पर्यटन, साना तथा मझौला उद्योग, प्राकृतिक स्रोतको व्यवस्थित उपयोग तथा सेवा क्षेत्रको विस्तारमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ।

राजस्व संकलन बढाउनु मात्र पर्याप्त हुँदैन। संकलित रकमको पारदर्शी, प्रभावकारी र जनमुखी उपयोग अझ महत्वपूर्ण पक्ष हो। प्रदेश सरकारले उठाएको राजस्व विकास निर्माण, शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना तथा पूर्वाधार विस्तारमा कति प्रभावकारी रूपमा खर्च भइरहेको छ भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ। यदि राजस्व वृद्धि जनताको जीवनस्तर सुधारसँग जोडिन सकेन भने त्यसको वास्तविक अर्थ रहँदैन।

यसर्थ, चालु आर्थिक वर्षको राजस्व संकलनलाई सकारात्मक उपलब्धिका रूपमा लिन सकिन्छ। तर यसलाई अन्तिम सफलता ठान्नु हुँदैन। मधेश प्रदेशले अब करको दायरा विस्तार, नयाँ आयस्रोतको खोजी, आर्थिक गतिविधिको प्रवर्द्धन तथा संघीय अनुदानमा निर्भरता घटाउने दिशामा दीर्घकालीन रणनीति अवलम्बन गर्नुपर्छ। आर्थिक आत्मनिर्भरता बिना संघीयताको भावना सुदृढ हुन सक्दैन। राजस्व वृद्धि मात्र होइन, आर्थिक आधारलाई बलियो बनाउने अभियान अब प्रदेश सरकारको प्राथमिकता बन्नुपर्छ।

# स्थानीय तहमा गैरदलीय निर्वाचन किन ?



सनोज महत

स्थानीय तह नागरिकको नजिकको घरदैलोको सरकार हो। आधारभूत सेवा प्रवाह र शासन प्रशासन स्थानीय सरकारले दिन्छ। स्थानीय सरकारसँग आम नागरिकको प्रत्यक्ष सरोकार र सहज पहुँच हुन्छ। यस्तो सरकारमा दलीय भावना, पूर्वाग्रह, विभाजन र विभेदकारी मानसिकता पन्पिने कुनै अवसर दिनुहुँदैन। स्थानीय तह सबै नागरिकको साझा र समतामुखी सरकार बन्नुपर्दछ।

तर, अनुभवले के देखाएको छ भने, स्थानीय तह निर्वाचनमा हुने दलीय प्रतिस्पर्धाका कारण मिलेर अगाडि बढ्नुपर्ने समाज अनावश्यक रूपमा विभाजित छ। स्थानीय स्तरमा टसल र तनाव सिर्जना हुने गरेका छन्। थोरै राम्रा काम भए पनि जस लिने होडबाजी चल्छ।

निर्वाचित जनप्रतिनिधिले विपक्षी जनमतमाथि पक्षपात गर्ने, पूर्वाग्रह राखेर आधारभूत सिफारिस र न्यूनतम सेवा-सुविधामा समेत ढिलाइ गरिदिने वा कुनै न कुनै प्रकारले दुःख दिने गरिन्छ। यसले सामाजिक तिक्तता बढाउनुका साथै समुदायको एकता र सद्भावमा खलल पुऱ्याएको छ। अनावश्यक कुरामा समुदायको ध्यान केन्द्रित भई समग्र मानवीय उत्पादकत्व नै प्रभावित भएको छ।

तीन तहको सरकारको अवधारणा सहित कार्यान्वयनमा आएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको नयाँ संविधान मार्फत स्थानीय तहलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार समेत प्रत्यायोजन गरियो। सङ्घ र प्रदेशको तुलनामा आफ्नै घरआँगनमा हुने सरकारले नागरिकलाई राज्यको अस्तित्व र राज्यमाथि नागरिकको अपनत्व प्रत्याभूत गराउने विश्वासमा यसो गरिएको हो। तर, सङ्घीयता कार्यान्वयनयताका वर्षहरू र विगतका दुई स्थानीय निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिको व्यवहार हेर्दा थुप्रै विसङ्गति पाइन्छन्।

लोकतन्त्र भनेको दलीयता मात्र होइन, नागरिक सर्वोच्चता हो। जहाँ, जुन-जुन एकाइमा नागरिकले आफ्नो सार्वभौमसत्ता प्रत्यक्ष प्रयोग गर्न सक्दछन्, त्यहाँ दल मार्फत अभ्यास गर्न जरुरी पर्दैन। संसारकै थुप्रै लोकतान्त्रिक मुलुकमा स्थानीय तहलाई गैरदलीय राखिएका उदाहरण छन्। अन्तर्राष्ट्रिय अनुभवका आधारमा पनि स्थानीय तहमा गैरदलीय निर्वाचन प्रणाली फलदायी हुने आशा गर्न सकिन्छ।

आवधिक चुनाव हुनु, चुनावमा यो वा त्यो पार्टीलाई भोट दिनुमै लोकतन्त्रलाई सीमित गर्नु उचित होइन। सदियौँदेखि मिलीजुली बसिआएको समाज, एकले अर्कालाई आइपर्दा गरिने सर-सहायताको प्रचलनलाई राजनीतिक प्रणालीकै कारण अवरोध गर्नु वाञ्छनीय छैन। गैरदलीय स्थानीय निकाय हुँदा वस्तुगत आवश्यकतामा समाज एकजुट हुन सक्दछ। यो वा त्यो निहुँमा मत बझाउनैपर्ने, कथित फरक मतका नाममा समाजलाई ध्रुवीकृत गर्ने र योजना निर्माण तथा कार्यान्वयनमा कृत्रिम रूपमा स्वार्थ टकराउने स्थितिको अन्त्य हुन सक्दछ।

आम सहमति र विवेकपूर्ण छलफलद्वारा समस्याको निप्टारा गर्ने सामाजिक पद्धति तथा सामूहिक स्वार्थ र सम्भावनाका लागि एकीकृत हुने सामाजिक व्यवहारलाई स्थानीय स्तरमा हुने दलीय खिचातानी र किचलोमा फस्न दिनुहुँदैन।

प्रजातन्त्रको पुनर्बहालीसँगै समाज दलीय रूपमा विभक्त मात्र भएन, दलका किचलो र झगडा समाज हुँदै घरघर र चुलोचौकोसम्म पुग्यो। दलको अस्तित्व जोगाउनुपर्ने वा चुनाव जित्नैपर्ने बाध्यता बोकेका दलले परिवारलाई तोडेर एकै घरका सदस्यलाई अलग-अलग पार्टीबाट उठ्न प्रेरित गरे। पारिवारिक एकता खण्डित गरी भर-अभरमा पनि सरसहयोग नगर्ने स्तरको मनमुटावमा पुऱ्याए।

समाजको नेतृत्वदायी तथा वर्चस्वशाली तप्का जहिल्यै विभाजित रह्यो। यसको असर स्थानीय विकास निर्माणका प्रयासमा पऱ्यो। सहमतीय आधारमा हुनुपर्ने सामाजिक कार्यमा समाजको सबै पक्ष उत्तिकै स्वामित्वभाव र आत्मगौरवका साथ संलग्न नहुने भयो। राणा, शाह, पञ्च जस्ता निर्दलीय निरङ्कुशता विरुद्ध लडेका योद्धाहरू नै एकअर्काविरुद्ध दुस्मन जस्तो व्यवहार, दाउपेच र चलखेल गर्न थाले। स्थानीय विकासका लागि स्रोतसाधन परिचालन पनि बाधित भयो। यी र यस्ता अनेकौं विकृतिको अन्त्य स्थानीय तहको गैरदलीय निर्वाचनबाट गर्न सकिन्छ।

### *अति दलीयकरणबाट मुक्ति*

दलीय स्थानीय निर्वाचनले वडावडा र टोलटोलसम्म दलीय संरचनालाई बलियो बनायो। स्वतन्त्र नागरिक चेतना, आलोचनात्मक चिन्तन र सिर्जनशील सोच कुण्ठित भयो। सबैले आ-आफ्ना दलका धारणा मात्र जनतामाथि थोपर्न थाले। दलीय अनुशासनमा बस्नुपर्ने, आफ्नो पार्टीको नीति ठिक-बेठिक जे-जस्तो भए पनि समर्थन गर्नैपर्ने प्रचलनले नागरिकको सिर्जनशील चिन्तन अवरुद्ध भयो।

टोलटोलसम्म फैलिएका दलीय संरचनाले स्वतन्त्र नागरिक जीवन व्यतीत गर्ने चाहनामाथि प्रत्यक्ष-परोक्ष दबाब सिर्जना गरे। कुनै दलमा नलागे जन्ती, मलामी, बोल्ने साथी नै नपाइने हो कि भन्ने मनोवैज्ञानिक भय उत्पन्न भयो। सार्वभौम नागरिक स्वतन्त्रताको उपभोग गर्न भयभीत हुने स्थिति भनेको लोकतन्त्र बिस्तारै मर्दै जानु हो। किनकि, लोकतन्त्रको मुख्य मान्यता नै स्वतन्त्रता हो। जहाँ स्वतन्त्रता मर्छ, त्यहाँ लोकतन्त्र जीवित रहन सक्दैन।

दलहरू नागरिकका लागि हुन्, नागरिक दलहरूका लागि होइनन्। राज्य नागरिकका लागि हो, नागरिक राज्यका लागि होइनन्। दल, राज्य वा अरू कुनै पनि संस्थालाई सार्वभौम नागरिकको स्वतन्त्रतामा चुनौती खडा गर्न सक्ने गरी बलियो बनाउनुहुँदैन। लोकतन्त्रमा सर्वथा नागरिक नै निर्णायक र शक्तिशाली रहनुपर्दछ।

स्थायी सञ्जालले निर्वाचनलाई औपचारिकता जस्तो मात्र बनाउँछ। निर्वाचन अगाडि नै कसले हार्छ वा जित्छ भन्ने अनुमानका आधारमा मतदान गर्ने प्रवृत्ति निर्माण हुन्छ। उम्मेदवारको योग्यता, क्षमता र एजेन्डा गौण हुन्छन्। असल नागरिक उम्मेदवार बन्नै डराउने वा हिचकिचाउने स्थिति बन्छ। समाजको आवश्यकता एकातिर हुन्छ, दलीय सञ्जालको शक्तिका कारण फरक चरित्रका पात्र निर्वाचित हुन्छन्। दलहरूले अक्सर नेताको गुटको मान्छे, धन भएको र बाहुबलीलाई टिकट दिन्छन्। यो प्रचलनले वास्तविक स्वच्छ प्रतिस्पर्धा र योग्यतातन्त्रलाई स्थापित हुन दिँदैन।

स्थानीय निर्वाचन पूर्वनिर्धारित समूहहरू बीचको कृत्रिम प्रतिस्पर्धाभन्दा आमनागरिक बीचको खुला, स्वच्छ र पारदर्शी प्रतिस्पर्धा बन्नुपर्दछ। सामाजिक छविका आधारमा लोकप्रिय व्यक्तित्वहरूले स्थानीय तहको नेतृत्व गर्दा लोकतन्त्रको आयाम फराकिलो हुन्छ। व्यक्तिको योग्यतालाई पनि न्याय हुन्छ र समाजले सिर्जनशील नेतृत्व पनि प्राप्त गर्दछ।

### *दल निषेध होइन, दलीयता निषेध*

*बाँकी पृष्ठ ३मा*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# रास्वपाको प्रथम महाधिवेशन सुरु

दैनिक समाचारदाता

चितवन, असार ७ गते । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम ऐतिहासिक महाधिवेशन आईतवारदेखि चितवनमा सुरु भएको छ । चितवनको भरतपुरस्थित गेस्टहाउस चौरमा विशेष समारोहका बिच सुरु भएको उक्त महाधिवेशनको प्रधानमन्त्री बालेन्द्र शाह र रास्वपाका पार्टी सभापति रवि लामिछानेले संयुक्त रूपमा पार्टीको निर्वाचन चिह्न ‘घण्टी’ बजाएर उद्घाटन गर्नुभएको छ । महाधिवेशनको उद्घाटन सत्रमा मुलुकका प्रमुख राजनीतिक दलका शीर्ष नेताको उल्लेख्य उपस्थिति रहेको छ । समारोहमा प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, नेकपा (




एमाले)का नेता प्रदीपकुमार ज्ञवाली, नेकपा (माओवादी केन्द्र)का नेता वर्षमान पुन, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन र जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादव लगायतका नेताले सहभागी भई महाधिवेशनको सफलताको शुभकामना व्यक्त गरेका छन् । रास्वपाले संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दललाई महाधिवेशनमा आमन्त्रण गरेको थियो । महाधिवेशनमा हर्कराज राई नेतृत्वको श्रम संस्कृति पार्टीको सहभागिता थिएन । रास्वपाको यस पहिलो महाधिवेशनले पार्टीको नयाँ नीति, मार्गचित्र र आगामी नेतृत्व चयन गर्ने बताइएको छ ।

# ‘बालेनलाई गोल हान्ने जिम्मा, मलाई पास गर्ने’ : लामिछाने

दैनिक समाचारदाता

चितवन, ७ असार । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले प्रमुख राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेभित्रका आन्तरिक समस्या समाधान गर्नुपर्ने भन्दै ती समस्या देशको समस्यामा नबदलियोस् भनेर सचेत गराएका छन्।

चितवनमा आयोजित रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै लामिछानेले सबै दलहरू सबल र स्थिर हुनुपर्ने आवश्यकता औंल्याए।

“सबै दल ठिक हुनुपर्छ,” उनले भने, “नेपाली कांग्रेस र नेकपा एमालेभित्र देखिएका अप्ठेरा उनीहरूको मात्रै होइन, समाधान नभए देशकै समस्या बन्न सक्छ।”

उनले अन्य दलहरूभित्रका



कमजोरी समाधान भएमा मात्र देश सही दिशामा अघि बढ्ने विश्वास व्यक्त गरे।

सभापति लामिछानेले राजनीतिक सहकार्य र जिम्मेवारीबारे टिप्पणी गर्दै सरकार सञ्चालनको विषयमा आफ्ना वरिष्ठ नेता बालेन शाहसँग भएको सहमतिलाई लिएर कुनै समस्या नहुने दाबी गरे।

“सरकार सञ्चालनको जिम्मा बालेनजीकै हो,” उनले भने, “चुनावअघि नै उहाँको खुट्टामा बल पुर्‍याइसकेको छ, अब गोल हान्ने जिम्मा उहाँकै हो।”

उनले आफूलाई आलोचना गर्ने र समर्थन गर्ने दुवै पक्षलाई संकेत गर्दै आफ्नो ध्यान वर्तमान होइन, इतिहासप्रति उत्तरदायी रहने बताए।

“यहाँ मुख मिठ्याउनेहरू पनि छन्, चुक्ली लगाउनेहरू पनि छन्,” उनले भने, “म उनीहरूलाई जवाफ दिन होइन, इतिहासलाई जवाफ दिन बोलिरहेको छु।”

लामिछानेको अभिव्यक्तिपछि महाधिवेशन हलमा सहभागीहरूले ताली बजाएर समर्थन जनाएका थिए।

# लहानको आँप बजारमा विचौलियाको दबदबा, किसान मारमा

दैनिक समाचारदाता

सिरहा, ७ असार । मधेशको प्रमुख आँप उत्पादन क्षेत्र तथा ‘आँपको राजधानी’ भनेर चिनिने लहानमा आँप बजारको अव्यवस्थित व्यवस्थापन र विचौलियाको हालीमुहालीका कारण किसानहरू वर्षौंदेखि समस्यामा परेका छन्। उचित मूल्य, व्यवस्थित बजार र शीतभण्डारको अभावले किसानले आफ्नो उत्पादनको न्यायोचित प्रतिफल पाउन सकेका छैनन्।

बरियारपट्टी गाउँपालिकाबाट आँप बिक्री गर्न लहान आएका कृषक योगेन्द्र यादवले किसान र उपभोक्ताबीचको मूल्य अन्तरले आफूहरू मर्कामा परेको गुनासो गरे। “हामीले ३० रुपैयाँ प्रतिकिलोमा आँप बेच्नुपर्छ, तर त्यही आँप व्यापारीहरूले ६० रुपैयाँसम्ममा बिक्री गरिरहेका छन्,” उनले भने।

भगवानपुर गाउँपालिकाका कृषक मनोज साहले पनि उत्पादन लागतअनुसार आम्दानी हुन नसक्दा किसान निराश बन्दै गएको बताए। उनका अनुसार आँप खेतीमा गरिएको लगानीको उचित प्रतिफल नपाउँदा कृषकको उत्साह घट्दै गएको छ।

सिराहा र सप्तरीका कृषकहरूको प्रमुख बिक्री केन्द्रका रूपमा रहेको लहानमा व्यवस्थित हाटबजार, शीतभण्डार र वैज्ञानिक मूल्य निर्धारणको अभाव पुरानै समस्या बनेको छ। कृषि सहकारी सिराहाका अध्यक्ष मार्गेन कामैतका अनुसार किसानले वर्षौंदेखि यस्ता समस्या भोग्दै आएका छन्।

“असार महिना खेतीपातीको व्यस्त समय हो। किसानले बगैंचाबाट आँप टिपेर बजार ल्याउँछन्, तर उचित मूल्य भने कहिल्यै पाउँदैनन्,” उनले भने। स्थानीय कृषकहरूले लहान नगरपालिकासहित सम्बन्धित निकायले आँपको बजार व्यवस्थापन, ब्रान्डिङ र मूल्य निर्धारणमा प्रभावकारी पहल गर्नुपर्ने माग गरेका छन्। तर लहान नगरपालिकाको कृषि शाखाले यस वर्ष आँप ब्रान्डिङका लागि बजेट नहुँदा कुनै विशेष कार्यक्रम सञ्चालन गर्न नसकिएको जनाएको छ।

कृषि शाखा प्रमुख प्रकाश हलुवाइले व्यवस्थित कृषि हाटबजार सञ्चालन स्थानीय तहको समन्वय र अन्य निकायको जिम्मेवारीको विषय रहेको बताए। कृषक भोरिल यादवका अनुसार सिराहाका गोलबजार, लहान र मिर्चैयामा एउटै आँपको मूल्य फरक-फरक हुनु बजारमा विचौलियाको प्रभाव र सरकारी नियमनको कमजोरीको परिणाम हो। “किसानले मूल्य पाउँदैन, तर व्यापारीले मनपरी मूल्यमा बिक्री गरिरहेका छन्,” उनले गुनासो गरे।

कृषि ज्ञान केन्द्र सिराहाका सूचना अधिकारी सुदीप खनालका अनुसार गत वर्ष जिल्लामा ५९ हजार ८८६ मेट्रिक टन आँप उत्पादन भएको थियो। यस वर्ष उत्पादन बढ्ने अपेक्षा गरिए पनि आँपमा देखिएको ‘मधुवा’ रोगको प्रकोप नियन्त्रण हुन नसक्दा उत्पादन गत वर्षकै हाराहारीमा सीमित रहने अनुमान गरिएको छ।

मधेशको प्रमुख नगदे बालीका रूपमा रहेको आँप खेतीलाई संरक्षण र प्रवर्द्धन गर्न बजार व्यवस्थापन, शीतभण्डार निर्माण, ब्रान्डिङ तथा किसानमैत्री मूल्य प्रणाली लागू गर्न स्थानीय सरकार र सरोकारवाला निकायको सक्रिय भूमिका आवश्यक देखिएको छ।

# स्थानीय ........

बुझ्न के आवश्यक छ भने, गैरदलीय भनेको निर्दलीय होइन। दलहरू हुन्छन्, स्थानीय चुनावमा पनि दलहरू सक्रिय हुन सक्दछन्। दलहरूले आफ्ना समर्थकबाट उम्मेदवार उठाउन सक्दछन्। धेरै वटा दलले एउटै उम्मेदवारलाई समर्थन गर्न पनि सक्दछन्। कुरा कति मात्र हो भने, उम्मेदवारहरूले पूर्वनिर्धारित र स्थिर चुनाव चिह्न पाउँदैनन्। जसले गर्दा निर्वाचन प्रचारप्रसारको छोटो अवधिलाई ‘लेभल प्लेइङ फिल्ड’ (समान अवसरको मैदान) उपलब्ध गराउँदैन।

राष्ट्रपतिदेखि वडा सदस्यसम्मका सबै प्रतिनिधि दलीय आधारमै हुनुपर्ने कुनै दरकार छैन। यसले समाजकै अति दलीयकरण र अति राजनीतीकरण गर्दछ। उन्नत लोकतान्त्रिक अभ्यासका लागि सानो आकारको सदस्य सङ्ख्या भएको छरितो पार्टी पद्धति आवश्यक छ। सानोभन्दा सानो अवसर र पदका लागि समेत दलकै दैलो कुर्नुपर्ने, नेताकै चाकरी गर्नुपर्ने अवस्थाले नागरिकको आत्मसम्मान बढाउँदैन। कुण्ठित नागरिकले लोकतान्त्रिक प्रणालीलाई दिगो, भरपर्दो र विश्वसनीय बनाउँदैनन्।

भारत, अमेरिका, जापान, क्यानडा, कोरिया लगायतले नागरिक स्तरमा दलीय विखण्डन नआओस् भनेर स्थानीय तहमा गैरदलीय निर्वाचन प्रणाली अभ्यास गरिरहँदा, नेपालमा भने राजनीतिक दलहरू यो प्रणालीलाई ‘निर्दलीय पञ्चायत’ सँग जोडेर बदनाम गर्ने र स्थानीय तहमा गैरदलीय निर्वाचन प्रणालीका पक्षधरलाई बदनाम गर्ने काममा तल्लीन देखिन्छन्।

स्थानीय तह दलीय आधारमा निर्वाचित हुँदा सङ्घ र प्रदेशको निर्वाचन पनि पर्याप्त मात्रामा निष्पक्ष हुँदैन। स्थानीय तहमा जुन दलका प्रतिनिधि छन्, तिनले राज्यको स्रोत, साधन र पहुँच आफ्नो दलको उम्मेदवारको पक्षमा दुरुपयोग गर्दछन्। विचार र एजेन्डाका आधारमा हुने मतदान कमजोर हुन्छ। स्थानीय शक्ति सन्तुलनले ठूलो भूमिका खेल्दछ।

***रास्वपा : आशा र आशङ्का***

विगत प्रतिनिधिसभाको निर्वाचनमा ‘स्थानीय तह गैरदलीय हुनुपर्छ’ भन्ने मान्यता राख्ने थुप्रै पार्टी चुनावी प्रतिस्पर्धामा थिए। करिब ४८ प्रतिशत मत सहित २७५ सिट सङ्ख्याको प्रतिनिधिसभामा १८२ सिट प्राप्त गर्न सफल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो चुनावी वाचापत्रको बुँदा १० मा ‘संविधान संशोधन मार्फत स्थानीय तहलाई गैरदलीय बनाउने’ वाचा कसम खाएको देखिन्छ।

आक्रामक रूपमा पार्टी सदस्यता वितरण र गाउँगाउँमा सङ्गठन विस्तारको चरणमा रहेको यो पार्टी अहिले वडा, पालिका, जिल्ला, प्रदेश हुँदै केन्द्रीय अधिवेशनको तयारीमा जुटिरहेको छ। तहगत अधिवेशनलाई सम्बोधन गर्ने क्रममा, स्थानीय तहलाई गैरदलीय बनाउने जुन प्रतिबद्धता वाचापत्र मार्फत आम मतदाता समक्ष गरेको थियो, त्यो वाचा भने भुलेको भान हुँदैछ।

पछिल्ला दिनहरूमा त्यो पार्टीका भेला, सम्मेलन र प्रशिक्षणमा ‘स्थानीय तह कसरी कब्जा गर्ने ? स्थानीय तहमा उम्मेदवारी कसरी दिने ? उम्मेदवारका आकाङ्क्षीको व्यवस्थापन र उम्मेदवारको चयन प्रक्रिया के हुने ?’ लगायतका जिज्ञासामा काम भइरहेको देखिन्छ। यी र यस्ता गतिविधिले रास्वपा आफ्ना सैद्धान्तिक अडानमा स्पष्ट नभएको र पुराना दलहरू जस्तै सङ्गठनको बलमा राज्यसत्ता कब्जा गर्ने होडमा रहेको देखिन्छ। गैरदलीय स्थानीय तहको सवाललाई न्याय गर्ने छाँटकाँट छैन। दल र उसको नेतृत्व वाचाबाट भाग्दै गएको छ।

यस अर्थमा रास्वपाले गत आमनिर्वाचनको जनादेशसँग गद्दारी गरेको छ। आफैंले जगाएको आशा छोटो अवधिमै आशङ्कामा परिणत गर्दैछ। अन्त्यमा सार्वभौम नागरिक दलका मतदाता र राज्यका करदाता मात्र होइनन्। दल र राज्यका लागि सधैं नागरिक प्रयोग हुने होइन, नागरिकको उपयोग र उपभोगका लागि दल र राज्य हुनुपर्छ। संरचनात्मक परिबन्ध निर्माण गरी नेताले छानेका दलका कार्यकर्तामध्ये कुनै एकलाई मतदान गर्नु नै लोकतान्त्रिक अभ्यास होइन। आधुनिक तथा उन्नत लोकतन्त्रमा यो सधैं स्वीकार्य हुन सक्दैन। गत वर्ष भदौ २३-२४ गतेको जेनजी विद्रोह अति दलीयकरण, राज्य कब्जा र राज्य दोहन विरुद्ध हो भन्ने कसैले बिर्सन हुँदैन। स्थानीय तहको नयाँ निर्वाचन अब नजिक आउँदैछ। आगामी वर्षको पहिलो महिनाभित्रै यो हुनुपर्नेछ। त्यसैले आजबाटै सम्बद्ध ऐन, कानून र नियमावलीहरूको परिमार्जन तथा संशोधन प्रक्रिया प्रारम्भ गरिनुपर्दछ। *अनलाइनखबरडटकमबाट*

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

### रास्वपा महाधिवेशनमा मधेशका दुई नेताको यस्तो सन्देश

# अपूर्ण संविधान सुधार्नुपर्छ : उपेन्द्र
# प्रतिस्पर्धी होइन, सहयात्री हुँ : सिके

दैनिक समाचारदाता
जनकपुरधाम, ८ असोज । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को चितवनस्थित भरतपुरमा सुरु भएको प्रथम महाधिवेशनमा मधेश केन्द्रित दुई प्रमुख राजनीतिक शक्तिका नेताहरूले संविधान संशोधन, सुशासन, सामाजिक न्याय र समृद्धिलाई साझा राष्ट्रिय एजेन्डाका रूपमा अघि बढाउनुपर्ने धारणा राखेका छन् ।



महाधिवेशनलाई सम्बोधन गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले मुलुकलाई पुराना विकृति र विसंगतिबाट मुक्त गर्दै नयाँ राजनीतिक संस्कार, आर्थिक विकास र जनआकांक्षाअनुरूपको शासन व्यवस्था निर्माण गर्नुपर्नेमा जोड दिएका हुन्।

जसपा अध्यक्ष यादवले संविधानमा संघीयता, गणतन्त्र, समावेशिता र धर्मनिरपेक्षताजस्ता महत्वपूर्ण उपलब्धि भए पनि अझै धेरै विषय अपूर्ण र संशोधनयोग्य रहेको बताए। उनले विशेषतः मधेश, आदिवासी, जनजाति, दलित तथा अन्य उत्पीडित समुदायका अधिकारलाई थप सुनिश्चित गर्न संविधान परिमार्जन आवश्यक रहेको धारणा राखे ।

"देशलाई नयाँ दिशा र नयाँ सोचका साथ अघि बढाउने अवसर अहिले प्राप्त भएको छ," यादवले भने, "संविधानका अपूर्ण पक्षहरूलाई संशोधन गर्दै सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको मार्गमा मुलुकलाई अघि बढाउनुपर्छ।"

उनले बेरोजगारीका कारण लाखौं युवा विदेशिन बाध्य भएको उल्लेख गर्दै उत्पादनमुखी अर्थतन्त्र निर्माण र रोजगारी सिर्जनामा राजनीतिक दलहरूले प्राथमिकता दिनुपर्ने बताए ।

त्यसैगरी जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले पनि रास्वपाले बोकेको परिवर्तन र समृद्धिको सपना आफ्नो राजनीतिक अभियानसँग मेल खाने बताएका छन्। उनले देशमा सुशासन, विकास र अवसरको खोजीमा रहेका नागरिकको अपेक्षा पूरा गर्न नयाँ राजनीतिक शक्तिहरूबीच सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरे।

"तपाईंहरूले जुन समृद्ध र विकसित नेपालको सपना देख्नुभएको छ, त्यही सपना मैले पनि देखेको थिएँ," राउतले भने, "म यहाँ प्रतिस्पर्धीका रूपमा होइन, परिवर्तनको यात्रामा सहयात्रीका रूपमा उपस्थित भएको छु।"

राउतले मधेशसहित देशका विभिन्न क्षेत्रले भोगिरहेका विकासको असमानता, बेरोजगारी र अवसरको अभाव अन्त्य गर्न नयाँ सोच र परिणाममुखी राजनीतिक नेतृत्व आवश्यक रहेको बताए।

रास्वपाको प्रथम महाधिवेशनमा मधेशका दुई प्रभावशाली नेताले दिएको सन्देशले संविधान संशोधन, समावेशी शासन, सुशासन र आर्थिक समृद्धिलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएको छ। फरक राजनीतिक पृष्ठभूमिका यी दुई नेताले परिवर्तन, सामाजिक न्याय र समृद्धिको साझा लक्ष्यमा जोड दिँदा महाधिवेशनले राष्ट्रिय राजनीतिमा नयाँ बहसको संकेत दिएको राजनीतिक वृत्तमा चर्चा छ।

## अहंकार........

महामन्त्री थापाले जनमत प्राप्त गरेपछि शक्ति सीमित र उत्तरदायी हुनुपर्ने कुरा बिर्सन नहुने बताउँदै लोकतान्त्रिक आचरण र आत्मसंयमको महत्वमा जोड दिए।

उनले रास्वपालाई विगतका राजनीतिक दलहरूको अनुभवबाट पाठ सिक्न सुझाव दिँदै आगामी दिनमा अहंकारको द्वन्द्व र सत्ताको मोहबाट टाढा रहन आग्रह गरे।

रास्वपाको प्रथम महाधिवेशन सफल होस् भन्ने शुभकामना व्यक्त गर्दै थापाले नयाँ राजनीतिक शक्तिले जनताको अपेक्षा अनुरूप काम गर्न सके मुलुकको लोकतान्त्रिक अभ्यास थप सुदृढ हुने विश्वास व्यक्त गरे।

## जेनजी....

तस्करीमा संलग्न भनिएका सबै व्यक्तिमाथि फौजदारी अभियोग दर्ता नभएसम्म आन्दोलन जारी रहने चेतावनी दिए।

उनले शक्तिको आडमा मुद्दा कमजोर पारिएको आरोप लगाउँदै राजनीतिक तथा प्रशासनिक संरक्षण बन्द गर्न सरकारसँग माग गरे।

प्रदर्शनकारीहरूले गैरकानुनी डिम्ब व्यापारले किशोरीहरूको स्वास्थ्य र भविष्यमा गम्भीर असर पारिरहेको भन्दै दोषीमाथि निष्पक्ष र कडा कानुनी कारबाहीको माग गरेका छन्।

# 'संविधान र लोकतन्त्रप्रति स्पष्ट प्रतिबद्धता चाहिन्छ' : वर्षमान पुन

दैनिक समाचारदाता
चितवन, ७ असार । नेकपा ( माओवादी केन्द्र) का नेता वर्षमान पुन 'अनन्त' ले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सामाजिक न्यायसहितको संघीय लोकतान्त्रिक गणतन्त्रप्रति अझ स्पष्ट र बलियो प्रतिबद्धता व्यक्त गर्न आग्रह गरेका छन्।



चितवनको भरतपुरमा आइतबार आयोजित रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै पुनले छोटो समयमै उल्लेखनीय जनसमर्थन हासिल गरेको रास्वपामाथि देशभर विशेष चासो र अपेक्षा रहेको बताए। उनले महाधिवेशनबाट तय हुने नेतृत्व, विचार, रणनीति र कार्यदिशाले राष्ट्रिय राजनीतिमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यसको महत्व उच्च रहेको उल्लेख गरे। "महाधिवेशनलाई सिंगो देशले हेरिरहेको छ," उनले भने, "यसले तय गर्ने बाटोले राष्ट्रिय जीवनमै प्रभाव पार्छ।" पुनले रास्वपा र अन्य स्थापित शक्तिबीच केही नीतिगत, शैलीगत र व्यवहारगत भिन्नता रहेको बताउँदै संविधान, लोकतन्त्र र सामाजिक न्यायप्रति अझ उच्च तहको प्रतिबद्धता आवश्यक रहेको धारणा राखे। "हामी तपाईंहरूको नियतमाथि शंका गर्दैनौं," उनले भने, "तर सामाजिक न्यायसहितको संघीय लोकतान्त्रिक प्रणालीप्रति अझ स्पष्ट प्रतिबद्धता देखियोस् भन्ने अपेक्षा छ।" उनले सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका एजेण्डामा विगतमा पनि सहकार्य भएको उल्लेख गर्दै भविष्यमा पनि सहकार्य जारी रहने बताए। तर कुनै पनि कदम संविधान र लोकतान्त्रिक प्रक्रियाभन्दा बाहिर जान नहुनेमा उनले जोड दिए।
लोकतन्त्रमा दलहरू आधारस्तम्भ भएको उल्लेख गर्दै पुनले बहुमत र अल्पमत दुवैले लोकतान्त्रिक संस्कार आत्मसात गर्नुपर्ने बताए। उनले संख्याको आधारमा अहंकार प्रदर्शन नगर्न सुझाव दिँदै सत्ता अस्थायी भए पनि लोकतान्त्रिक संस्था र विधि स्थायी हुनुपर्ने धारणा राखे।
उनले रास्वपामा देखिएको युवा ऊर्जा र सहभागितालाई सकारात्मक रूपमा उपयोग गर्नुपर्ने बताउँदै आफू पनि २७ वर्षको उमेरमै केन्द्रीय राजनीतिमा प्रवेश गरेको स्मरण गरे। नेपाली राजनीतिक परिवर्तनमा योगदान गर्ने जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन र विभिन्न संघर्षका शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्दै उनले लोकतान्त्रिक अभ्यासलाई अझ सुदृढ बनाउने जिम्मेवारी सबै दलहरूको भएको उल्लेख गरे।

# कृषि, शिक्षा र स्वास्थ्यमा मटिहानीको प्राथमिकता

वीरेन्द्र कर्ण
जनकपुरधाम, ७ असार । महोत्तरीको मटिहानी नगरपालिकाले कृषि, शिक्षा, स्वास्थ्य तथा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्दै आर्थिक वर्ष २०८३/८४ का लागि ४७ करोड ४५ लाख रुपैयाँको बजेट तथा नीति-कार्यक्रम सार्वजनिक गरेको छ।

नगरपालिकाको १७औँ नगरसभाको खुला अधिवेशनमा नगरप्रमुख हरिप्रसाद मण्डलले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमसहित बजेट प्रस्तुत गरेका हुन्।

प्रस्तुत बजेटअनुसार राजस्व बाँडफाँडबाट १० करोड ९७ लाख रुपैयाँ, संघीय सरकारबाट २८ करोड ८८ लाख रुपैयाँ, प्रदेश सरकारबाट १ करोड ४९ लाख ९५ हजार रुपैयाँ तथा आन्तरिक स्रोतबाट ६ करोड ५५ लाख रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ।

नीति तथा कार्यक्रममा धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनलाई विशेष प्राथमिकता दिइएको छ। मटिहानी मठलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन पहल गर्ने, नगरभित्र रहेका पोखरी, जलाशय तथा धार्मिक स्थलहरूको संरक्षण र सौन्दर्यीकरण गर्ने तथा मठ, मन्दिर र मस्जिदलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना समावेश गरिएको छ।

कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण, व्यावसायिक खेती विस्तार, युवालाई कृषि उद्यममा आकर्षित गर्ने तथा उद्योग-व्यवसाय प्रवर्द्धनका लागि सीपमूलक तालिम र उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

शिक्षा क्षेत्रमा मैथिली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि सामुदायिक विद्यालयमा कक्षा १ देखि ८ सम्म मैथिली विषयलाई प्राथमिकता दिइने भएको छ। साथै माध्यमिक तहका विद्यार्थीलाई सूचना प्रविधिमा पहुँच विस्तार गर्न ल्यापटप वितरण, कक्षा ११ का विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति तथा दलित, गरिब, अपांगता भएका, असहाय र शहीद परिवारका विद्यार्थीलाई विशेष छात्रवृत्ति उपलब्ध गराइने कार्यक्रम समेटिएको छ।


स्वास्थ्यतर्फ बर्थिङ सेन्टरबाट रेफर गरिएका गर्भवती महिलालाई जनकपुरसम्म निःशुल्क यातायात सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ। साथै आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने लक्ष्य पनि नीति तथा कार्यक्रममा समावेश गरिएको छ। नगरपालिकाले कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन तथा सामाजिक सुरक्षालाई केन्द्रमा राख्दै समावेशी र जनमुखी विकासका विभिन्न महत्वाकांक्षी कार्यक्रमहरू आगामी वर्षका लागि अघि सारेको जनाएको छ।

# मधेस प्रदेश र १३ जिल्लामा रास्वपाको अधिवेशन गर्न बाँकी

दैनिक समाचारदाता
काठमाडौँ ७ असार । आइतबारदेखि पहिलो अधिवेशन सुरु गर्न गइरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ६ प्रदेश र ६४ जिल्लामा अधिवेशन गरेको जनाएको छ ।
मधेस प्रदेश र १३ जिल्लामा भने अधिवेशन नभएको महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए । महाधिवेशनको उद्घाटन सत्र सुरु हुने बेलामा बोल्दै महामन्त्री बुर्लाकोटीले अधिवेशन नभएका १३ जिल्ला र मधेस प्रदेशबाट पनि प्रतिनिधि आउने व्यवस्था गरिएको जानकारी दिए ।
त्यस्तै महामन्त्री बुर्लाकोटीले ६०९ पालिकामा पार्टीको तदर्थ समिति गठन भएर अधिवेशन सम्पन्न भएको जानकारी दिए। बाँकी प्रदेश, जिल्ला र स्थानीय तहमा अधिवेशन गर्ने तयारी भइरहेको उनले बताए ।




अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४